## बिक्री एजेन्टसम्बन्धी कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७९)

**प्रस्तावना**

नेपाल राष्ट्र बैंक, मौद्रिक व्यवस्थापन विभागले प्रचलित कानूनको अधीनमा रही नेपाल सरकारको तर्फबाट वैदेशिक रोजगार बचतपत्र निष्काशन गर्दै आएको छ । रोजगारीका लागि मुलुकबाहिर गएका, विदेशमा रोजगारी गरी फर्केका, स्वदेशस्थित गैर-सरकारी संस्थामा विदेशी मुद्रा आर्जन गर्ने गरी कार्यरत नेपाली नागरिकहरु तथा विदेशमा बसोबास गर्ने गैर-आवासीय नेपालीहरुले आर्जन गरेको विदेशी मुद्रालाई वैधानिक माध्यमबाट स्वदेशमा भित्र्याई देश विकासमा पूँजी परिचालन गर्न वैदेशिक रोजगार बचतपत्रमा लगानी प्रोत्साहन गर्ने नीति रहेको छ । यस कार्यलाई सहज तथा व्यवस्थित गर्न "वैदेशिक रोजगार बचतपत्रसम्बन्धी कार्यविधि, **२०६९ (दोस्रो संशोधन, २०७६)**" मा व्यवस्था भएअनुसार वैदेशिक रोजगार बचतपत्र बिक्री गर्न बिक्री एजेन्टको इजाजतपत्र तथा शर्तहरुका सम्बन्धमा "नेपाल राष्ट्र बैंक बिक्री एजेन्टसम्बन्धी कार्यविधि, २०७६ (**पहिलो संशोधन २०७९**)" बनाई जारी गरिएको छ । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (३) बमोजिम बिक्री एजेन्टको इजाजतपत्र तथा शर्तहरुका सम्बन्धमा नेपाल राष्ट्र बैंकका गभर्नरबाट देहायबमोजिमको "बिक्री एजेन्टसम्बन्धी कार्यविधि, २०७६ (**पहिलो संशोधन २०७९**)" बनाई जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम "नेपाल राष्ट्र बैंक बिक्री एजेन्टसम्बन्धी कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७९)" रहेको छ ।

१.२ यो कार्यविधि नेपाल राष्ट्र बैंकको गभर्नरबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

२.२ "विभाग" भन्नाले नेपाल राष्ट्र बैंक, मौद्रिक व्यवस्थापन विभाग सम्झनु पर्छ ।

२.३ "बचतपत्र" भन्नाले नेपाल सरकारको आन्तरिक ऋण उठाउने प्रयोजनार्थ यस विभागबाट निष्काशन हुने वैदेशिक रोजगार बचतपत्र सम्झनु पर्छ ।

२.४ "बिक्री एजेन्ट" भन्नाले वैदेशिक रोजगार बचतपत्रसम्बन्धी कार्यविधि, २०६९ (दोस्रो संशोधन, २०७६) को बुँदा नं.१२ मा उल्लेखित बिक्री एजेन्टको कार्यहरु गर्ने गरी विभागबाट वैदेशिक रोजगार बचतपत्रको प्राथमिक निष्काशनको बिक्री वितरणमा संलग्न इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था, रेमिट्यान्स कम्पनी एवम् मनि ट्रान्सफर कम्पनी सम्झनु पर्छ ।

३. **उद्देश्य**

विदेशमा आर्जित मुद्रालाई वैधानिक माध्यमबाट स्वदेशमा भित्र्याउन वैदेशिक रोजगार बचतपत्रको कारोबारलाई व्यापक र व्यवस्थित गर्ने, वैदेशिक रोजगार बचतपत्रको बजार प्रवर्द्धन गर्ने एवम् वैदेशिक रोजगारको प्राथमिक कारोबारलाई सरल, सहज र पारदर्शी बनाउने रहेको छ ।

## ४. बिक्री एजेन्टको इजाजतपत्रसम्बन्धी व्यवस्था

४.१ यस विभागबाट बैंकको वेभसाईट तथा राष्ट्रिय स्तरको दैनिक पत्रिकामार्फत सूचना प्रकाशित गरी बिक्री एजेन्टको कार्य गर्न पुरानो इजाजतपत्र नवीकरण तथा नयाँ इजाजतपत्रका लागि आवेदन आह्वान गरिनेछ । वैदेशिक रोजगार बचतपत्रको प्राथमिक कारोबार गर्नको लागि विभागबाट बिक्री एजेन्टको इजाजतपत्र लिनुपर्ने छ ।

४.२ बिक्री एजेन्टको इजाजतपत्र प्राप्त गर्नको लागि देहायबमोजिम योग्यता पुगेको हुनुपर्नेछ :

(क) यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट विप्रेषणसम्बन्धी कार्यको लागि बहाल रहेको इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, रेमिट्यान्स कम्पनी एवम् मनि ट्रान्सफर कम्पनी हुनु पर्नेछ ।

(ख) यस बैंकबाट जारी हुने नीति, नियम तथा शर्तहरु पालना गरेको हुनु पर्नेछ ।

४.३ यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट विप्रेषण कार्यको लागि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, रेमिट्यान्स कम्पनी तथा मनि ट्रान्सफर कम्पनीले बिक्री एजेन्टको नयाँ इजाजतपत्र लिन चाहेमा देहायबमोजिमका कागजातहरु संलग्न गरी जुनसुकै समयमा विभागमा रीतपूर्वक आवेदन पेश गर्न सक्ने छन् :

(क) यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट विप्रेषण कारोबार गर्न प्रदान गरिएको इजाजतपत्रको प्रतिलिपि ।

(ख) इजाजतपत्र लिनका लागि आवश्यक दस्तुर वापतको रकम बुझाएको भौचरको सक्कल प्रति ।

(ग) विदेशी कम्पनी तथा देशसँग भएको रेमिट्यान्स कारोबारसम्बन्धी सम्झौता पत्रको प्रतिलिपि ।

(घ) विभागले माग गरेका अन्य कागजातहरु ।

४.४ बिक्री एजेन्टले आफ्नो इजाजतपत्रको वहाल अवधि समाप्त हुनु अगावै नवीकरणको लागि देहायबमोजिमका कागजातहरु संलग्न गरी यस विभागमा आवेदन दिनुपर्ने छ :

(क) साविकको इजाजतपत्रको सक्कल प्रति ।

(ख) यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट विप्रेषण कारोबार गर्न प्रदान गरिएको वहाल अवधि कायम रहेको इजाजतपत्रको प्रतिलिपि ।

(ग) तर, यस विभागबाट जारी भएको बिक्री एजेन्टको सक्कल इजाजतपत्र हराएर, झुत्रो भई नाशिएर वा च्यातिएको कारणले नवीकरणको समयमा बिक्री एजेन्टले इजाजतपत्रको सक्कल प्रति बुझाउन असमर्थ भएमा दफा ४.५ को (ग) बमोजिमको प्रक्रिया पूरा गरी निवेदन पेश गर्नुपर्ने छ ।

(घ) इजाजतपत्र नवीकरण दस्तुर वापतको रकम बुझाएको भौचरको सक्कल प्रति ।

(ङ) विदेशी कम्पनी तथा देशसँग भएको रेमिट्यान्स कारोबारसम्बन्धी सम्झौता पत्रको प्रतिलिपि ।

४.५ बिक्री एजेन्टको नयाँ इजाजतपत्र लिन, पुरानो इजाजतपत्र नवीकरण गर्न तथा इजाजतपत्रको प्रतिलिपि लिनको लागि आवेदनसाथ देहायबमोजिमको दस्तुर यस बैंकको बैंकिङ विभागस्थित नाफा नोक्सान आम्दानी हिसाब फुटकर (१२००००० -०३०-०१२-५२४) मा जम्मा गरी सोको सक्कल भौचर पेश गर्नुपर्नेछ :

(क) बिक्री एजेन्टको नयाँ इजाजतपत्र लिन रु.५,०००।- (अक्षरेपी पाँच हजार रुपैयाँ मात्र) वा पुरानो इजाजतपत्र नवीकरणको लागि रु.२,५००।- (अक्षरेपी दुई हजार पाँच सय रुपैयाँ मात्र) तोकिएको समयभित्र नवीकरणको लागि आवेदन पेश नगर्ने बिक्री एजेन्टले तोकिएको समय पश्चात् ३० दिन भित्र आवेदन दिएमा रु.२,०००।- (अक्षरेपी दुई हजार रुपैयाँ मात्र) थप दस्तुर लाग्नेछ ।

(ख) यस विभागबाट जारी गरेको बिक्री एजेन्टको सक्कल इजाजतपत्र हराएर, झुत्रो भई नाशिएर वा च्यातिएर प्रतिलिपि माग भई आएमा नवीकरणवापत् लाग्ने दस्तुरको आधा रकम ।

(ग) यस विभागबाट जारी गरेको बिक्री एजेन्टको सक्कल इजाजतपत्र हराएर, झुत्रो भई नाशिएर वा च्यातिएर नवीकरणको समयमा बिक्री एजेन्टको इजाजतपत्रको सक्कलवाहेक अन्य तोकिएबमोजिम कागजात पेश गरी बिक्री एजेन्टको इजाजतपत्र नवीकरणको लागि निवेदन पेश गरेमा नवीकरण दस्तुर तथा नवीकरणमा लाग्ने दस्तुरको थप आधा रकम ।

४.६ दफा ४ को उपदफा ४.२, ४.३ र ४.४ मा उल्लेखित कागजातहरु संलग्न गरी रीतपूर्वकको आवेदन विभागमा पेश हुन आएमा प्राप्त आवेदनउपर छानवीन गरी योग्य देखिएमा खुला बजार सञ्चालन समितिको निर्णयानुसार विभागले ३ वर्षको लागि बिक्री एजेन्टको नयाँ इजाजतपत्र प्रदान गर्ने तथा पुरानो इजाजतपत्र नवीकरण गर्न सकिने छ ।

४.७ इजाजतपत्रप्राप्त बिक्री एजेन्टले यस बैंकले जारी गरेका नियम तथा शर्तहरु पालना नगरेमा, इजाजतपत्रको वहाल अवधिभर बैंकको कारवाहीमा परेमा तथा इजाजतपत्रको वहाल अवधि समाप्त हुनु अगावै इजाजतपत्र नवीकरणको लागि आवेदन पेश नगरेको खण्डमा उक्त बिक्री एजेन्टको इजाजतपत्र कुनै पनि समयमा निलम्वन वा रद्द गर्न सकिने छ ।

४.८ इजाजतपत्र वहाल नभएका वा रद्द भएका वा निलम्वनमा परेका बिक्री एजेन्टले बिक्री एजेन्टको हैसियतले कुनै पनि कारोबार गर्न पाउने छैन ।

४.९ बिक्री एजेन्टको इजाजतपत्रसम्बन्धी सम्पूर्ण अधिकार बैंकमा निहित हुनेछ ।

## ५. बिक्री एजेन्टको लागि तोकिएका शर्तहरु

५.१ वैदेशिक रोजगार बचतपत्र बिक्री गर्दा बिक्री एजेन्टले "वैदेशिक रोजगार बचतपत्रसम्बन्धी कार्यविधि, २०६९ (दोस्रो संशोधन, २०७६)" को अधीनमा रही बिक्री गर्नु पर्नेछ ।

५.२ बिक्री भएको वैदेशिक रोजगार बचतपत्रको विवरण दैनिक रुपमा अनुसूची ३ मा तोकिएको ढाँचामा पेश गर्नुपर्नेछ ।

५.३ विप्रेषण कार्य गर्ने रेमिट्यान्स कम्पनीको इजाजतपत्र म्याद समाप्त भएमा यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट नवीकरण भएको मितिले ३ दिन भित्र सोको प्रतिलिपि यस विभागमा पेश गर्नु पर्दछ । तोकिएको समयमा उक्त प्रतिलिपि पेश गर्न नसकेमा सो अवधिका लागि बिक्री एजेन्टको इजाजतपत्र स्थगित गरिनेछ ।

५.४ बचतपत्र खरिद बिक्री गर्ने सम्बन्धमा ग्राहक र बिक्री एजेन्टको बीचमा कुनै विवाद उठेमा सो विवाद उपर यस बैंकबाट गरिएको निर्णय दुवै पक्षले बाध्यात्मक रुपमा पालना गर्नुपर्ने छ ।

५.५ बिक्री एजेन्टले पालना गर्नु पर्ने उपरोक्त शर्तहरुमा नेपाल राष्ट्र बैंकले समय/समयमा थपघट गर्न सक्नेछ । यसरी थपघट गरिएका शर्तहरु बिक्री एजेन्टले अनिवार्य रुपले पालना गनुपर्नेछ ।

## ६. निष्काशन प्रक्रिया

६.१ यस विभागबाट निश्चित अवधि तोकी बिक्री खुला, बिक्री बन्द र निष्काशन गरिएको वैदेशिक रोजगार बचतपत्रको बिक्री तथा वितरण इजाजतपत्रप्राप्त बिक्री एजेन्टमार्फत मात्र हुनेछ । बचतपत्रको निष्काशन, खुला र बन्दसम्बन्धी जानकारी राष्ट्रिय स्तरको दैनिक पत्रिका तथा यस बैंकको वेभसाइटमा प्रकाशित गरिनेछ ।

६.२ बिक्री एजेन्टले वैदेशिक रोजगारी बचतपत्रको खरिदकर्तालाई घटीमा १० हजार रूपैंयाँ र बढीमा कुल आह्वान रकमको सीमामा नबढाई १० हजार रूपैंयाँले भाग गर्दा निःशेष भाग जाने अंकमा वैदेशिक रोजगार बचतपत्र बिक्री गर्न सक्नेछन् । आह्वान रकमभन्दा कम वा बराबर बिक्री भएमा माग अनुसार र आह्वान रकमभन्दा बढी रकमको लागि बिक्री भएमा सोको बाँडफाँट खुला बजार सञ्चालन समितिको निर्णयानुसार गरिनेछ ।

## ७. बिक्री एजेन्टले प्राथमिक कारोबारमा गर्नुपर्ने कार्यहरु

७.१ वैदेशिक रोजगार बचतपत्रको आवेदन फारम खरिदकर्तालाई मागअनुसार उपलब्ध गराउनु पर्नेछ । उक्त आवेदन फारमको नमूना नेपाल राष्ट्र बैंकको वेभसाइटमा उपलब्ध हुनेछ ।

इच्छुक खरीदकर्ताले वैदेशिक रोजगार बचतपत्र खरीद गर्नको लागि अनुसूची-१ वा अनुसूची-२ बमोजिमको आवेदन फारम भरी वा यस बैंकको वेबसाइट ***www.nrb.org.np*** अन्तर्गत ***Monetary Management*** भित्र रहेको  अनलाईन प्रणाली मार्फत पेश गर्न सकिनेछ । बिक्री एजेन्टले प्रत्येक दिन खरीदकर्ताहरुको आवेदनसाथ प्राप्त रकम र अन्य विवरण अनुसूची-३ मा दिइएको फाराममा उल्लेख भएबमोजिम दुई जनाको आधिकारिक दस्तखत सहित सोही दिन मौद्रिक व्यवस्थापन विभागको फोन नं.०१-४४१९८०४ (८३३, ८३४, ८३५)मा सम्पर्क गरी यकीन गर्नुपर्दछ । सो फारमको सफ्टकपी मौद्रिक व्यवस्थापन विभागको ईमेलठेगाना **mmissue@nrb.org.np** मा पनि अनिवार्यरुपले पठाउनु पर्दछ । ईमेलबाट प्राप्त कागजातको हकमा सम्बन्धित बिक्री एजेन्टले नेपाल राष्ट्र बैंकमा रहेको खाता नं. XXXXXX/०४१/०००-५२४ मा खर्च भए/नभएको यकीन समेत गर्नु पर्नेछ । बिक्री एजेन्टले प्रत्येक दिन अनलाईन मार्फत प्राप्त निवेदन र कागजातहरुको  अभिलेख छपाई गरी सुरक्षित राख्नु पर्नेछ । **OBSS System** मार्फत अनलाईनवाट प्राप्त आवेदनहरु स्वीकृत गरी **Submit** गरे पश्चात मौद्रिक व्यवस्थापन विभागलाई ईमेल र फोन मार्फत जानकारी गराउनु पर्नेछ ।

७.२ निष्काशनको समयमा तोकिएको समयावधिभित्र सूचनामा तोकिएबमोजिमका योग्य व्यक्तिहरुलाई "वैदेशिक रोजगार बचतपत्रसम्बन्धी कार्यविधि, २०६९ (दोस्रो संशोधन, २०७६)" को अधीनमा रही बचतपत्र बिक्री गर्नुपर्नेछ ।

७.३ बचतपत्र खरिदकर्ताबाट प्राप्त रकम र आवेदन फारम बुझिलिई रकम बुझेको रसिद खरिदकर्तालाई उपलब्ध गराउने र खरिदकर्ताको विवरण अनुसूची ३ मा तोकिएबमोजिम सोही दिन कार्यालय समयभित्र यस विभागमा पठाउनु पर्नेछ । साथै, विवरणसाथ सक्कल आवेदन फारम पनि सुरक्षित तवरले विभागमा पठाउनु पर्नेछ ।

७.४ प्राथमिक निष्काशनमा बिक्री एजेन्टले खरिदकर्ताहरुबाट संकलित कुल दश लाख रुपैयाँ बरावरको बचतपत्र बिक्री भएपछि मात्र एकमुष्ट रुपमा बैंकको सम्बन्धित बचतपत्र खातामा जम्मा हुने गरी रकम रकमान्तर गर्नु पर्नेछ । यद्यपि, संकलन गरेको रकमसहितको विवरण भने सोही दिन अनिवार्य रुपमा यस विभागमा पठाउनु पर्नेछ । त्यसैगरी, बचतपत्र बिक्री अवधि समाप्त भएपछि सो अवधिसम्ममा संकलन भई पठाउन बाँकी रहेको सम्पूर्ण रकम बिक्री अवधि समाप्त भएको दिनको भोलिपल्ट (सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) अनिवार्य रुपमा बैकमा रकमान्तर गर्नुपर्ने छ । यस बैंकले उक्त बिक्री

एजेन्टको खाता खर्च गरी सम्बन्धित ऋणपत्र आवेदन खातामा जम्मा गर्नुपर्ने छ । ऋणपत्र खरिद गर्ने फारमको तोकिएको महलमा बिक्री एजेन्टको छाप र आधिकारिक दस्तखत अनिवार्य हुनुपर्नेछ ।

७.५ बचतपत्र खरिदकर्ताको नाममा तयार भएका प्रमाणपत्र र खण्डित अवधिको ब्याज रकम यस विभागबाट बुझिलिई सम्बन्धित खरिदकर्तालाई हस्तान्तरण गर्नुपर्नेछ ।

## ८. निरीक्षण तथा अनुशिक्षणसम्बन्धी व्यवस्था

८.१ विभागबाट आवश्यकता अनुसार समय/समयमा बिक्री एजेन्टलाई वैदेशिक रोजगार बचतपत्रका सम्बन्धमा अनुशिक्षण प्रदान गरिनेछ ।

८.२ यस बैंकबाट जारी विभिन्न ऐन, नियम, निर्देशन, कार्यविधि एवम् शर्तहरु बिक्री एजेन्टले पालना गरे/नगरेको सम्बन्धमा विभागबाट आवश्यकतानुसार समय/समयमा निरीक्षण गरिनेछ ।

## ९. व्याख्या गर्ने अधिकार

यस कार्यविधिमा कुनै अस्पष्टता भएमा सोको व्याख्या गर्ने अधिकार यस बैंकमा निहित रहने छ ।

अनुसूची १

बै.फा.रा.ऋ.बै.रो.ब.प. १

# वैदेशिक रोजगार बचतपत्रको लागि आवेदन फारम

## (आवेदकको नाममा खरिद गर्न)

नेपाल राष्ट्र बैंक
मौद्रिक व्यवस्थापन विभाग
काठमाण्डौ, नेपाल ।

मितिः २०..../..../....

मार्फतः ... ... ... ... ... ... ... ...... ... ... ... ... ... ... ...

महाशय,
नेपाल राष्ट्र बैंकबाट प्रकाशित सूचना अनुसार ... ... प्रतिशत ब्याजदरको वैदेशिक रोजगार बचतपत्र ... ... ... ... ( ... ... वर्षे ) रु.... ... ...... ... ... ... (अक्षरेपि ... ... ... ... ... ... ...... ... ... ... ... मात्र) को खरिद गर्न यो आवेदन पेश गरेको छु । देहायमा उल्लिखित विवरण अनुसारको बचतपत्र निष्कासन गरिदिनु हुन अनुरोध गर्दछु ।

| किसिम | दर | थान | जम्मा मूल्य |
|---|---|---|---|
| (क) प्रमिशरी नोट* | | | |
| (ख) स्टक | | | |
| जम्माः | | | |

* प्रमिशरी नोट भन्नाले घरायसी दरपीठ गरी खरीद-बिक्री गर्न सकिने बचतपत्र बुझिन्छ भने स्टक भन्नाले खरीद-बिक्रीकर्ता दुबै मौद्रिक व्यवस्थापन विभाग वा कुनै बजार निर्माताको कार्यालयमा गई दस्तखत प्रमाणित गराई खरिद-बिक्री गर्न सकिने बचतपत्र भन्ने बुझिन्छ ।

आवेदकको विवरण

नाम (देवनागरीमा) ____________________

अंग्रेजीमा (Capital Letter) ____________________

पासपोर्ट नम्बर ... ... ... ... ... ... ... ... पासपोर्ट लिएको जिल्लाः ... ... ... ... ... ... हाल कार्यरत मुलुक ... ... ... ... ... .

कार्यरत कम्पनीको नामः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... .. ... .... ... भिसा नम्बरः ... ... ... ... ... ... ...

भिसा समाप्त हुने मिति ... ... ... ... ... ... ... ... .. टेलिफोन नम्बर (विदेशको ... ... ... ... ... ... ... ..

नेपालको स्थायी ठेगाना

जिल्लाः ... ... ... ... ... ... ... ... ... गा.वि.स./न.पा. ... ... ... ... ... ... ... ... ... .. वडा नं. ... ... टोल ... ... ... ... ... ... ... ...

नागरिकता प्रमाणपत्र नं. ... ... ... ... ... ... ... ... ... टेलिफोन नम्बरः(नेपालको ... ... ... ... ... ... ... ... ...

**बैंक मार्फत साँवा तथा ब्याज भुक्तानी लिने भए :**

बैंकको नामः ... ... ... ... ... ... ... ... ... ... ... . . . . . . . . . . ठेगानाः ... ... ... ... ... ... ... ...

खातावालाको नामः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

खाता नम्वर. ... ... ... ... ... . .. .. .. .. ... ... ...... ... ... ... ... ... ...

.....................
आवेदकको दस्तखत

---

**बिक्री एजेन्टले भर्नु पर्नेः**

बिक्री एजेन्टको नाम... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

प्राप्त रकम रु. ... ... ... ... ... ... (अक्षरेपि ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ..... मात्र)

उक्त रकम नेपाल राष्ट्र बैंक, बैंकिङ विभागस्थित खाता नं. १२०००००/०१५/११६/५२४ मा दाखिला गर्न पठाईने ब्यहोरा अनुरोध गर्दछु ।

बचतपत्र खरिद प्रयोजनका लागि आर्जन गरेको विदेशी मुद्रा औपचारिक माध्यमबाट नेपालमा भित्र्याएको प्रमाणित हुने कागजात ।

क. विदेशी मुद्रा सटही गरेको भौचर ।

ख. बैंकमा रहेको विदेशी मुद्रामा खोलिएको खाता खर्च गरेको बैंक स्टेटमेण्ट ।

ग. अन्य ( ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...)

रकम बुझेको मितिः २०..../..../....

कार्यालयको छाप

श्रीमान् गभर्नरज्यूबाट मिति २०७९/०२/१६ मा स्वीकृत

अनुसूची २

बै.फा.रा.ऋ.बै.रो.ब.प. १.१

# वैदेशिक रोजगार बचतपत्रको लागि आवेदन फारम

## (एकाघर परिवारका सदस्य तथा नावालकको नाममा खरिद गर्न)

नेपाल राष्ट्र बैंक
मौद्रिक व्यवस्थापन विभाग
काठमाण्डौ, नेपाल ।

मिति: २०..../..../....

मार्फत: ... ... ... ... ... ... ... ... ...... ... ... ... ... ... ... ...

महाशय,

नेपाल राष्ट्र बैंकबाट प्रकाशित सूचना अनुसार ........... प्रतिशत ब्याजदरको वैदेशिक रोजगार बचतपत्र ... ... ... ... ... ... (... ... वर्षे ) रु.... ... ... ... ... .... ...... ... ... (अक्षरेपी ... ... ... ... ... ... ...... ... ... ... ... ... मात्र) को खरिद गर्न यो आवेदन पेश गरेको छु । देहायमा उल्लिखित विवरण अनुसारको बचतपत्र निष्कासन गरिदिनु हुन अनुरोध गर्दछु ।

| किसिम | दर | थान | जम्मा मूल्य |
|---|---|---|---|
| (क) प्रमिशरी नोट* | | | |
| (ख) स्टक | | | |
| जम्मा: | | | |

* प्रमिशरी नोट भन्नाले घरायसी दरपीठ गरी खरीद-बिक्री गर्न सकिने बचतपत्र बुझिन्छ भने स्टक भन्नाले खरीद-बिक्रीकर्ता दुबै मौद्रिक व्यवस्थापन विभाग वा कुनै बजार निर्माताको कार्यालयमा गई दस्तखत प्रमाणित गराई खरीद-बिक्री गर्न सकिने ञचतपत्र भन्ने बुझिन्छ ।

आवेदकको विवरण

नाम (देवनागरीमा): 

अंग्रेजीमा (Capital Letter) 

पासपोर्ट नम्बर ... ... ... ... ... ... ... ... पासपोर्ट लिएको जिल्ला: ... ... ... ... ... ... हाल कार्यरत मुलुक ... ... ... ... ... .

कार्यरत कम्पनीको नाम: ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... .. ... .... ... भिसा नम्बर: ... ... ... ... ... ... ...

भिसा समाप्त हुने मिति ... ... ... ... ... ... ... ... .. टेलिफोन नम्बर (विदेशको ... ... ... ... ... ... ... ..

नेपालको स्थायी ठेगाना

जिल्ला: ... ... ... ... ... ... ... ... गा.वि.स./न.पा. ... ... ... ... ... ... ... ... .. वडा नं. ... ... टोल ... ... ... ... ... ... ... ...

नागरिकता प्रमाणपत्र नं. ... ... ... ... ... ... ... ... टेलिफोन नम्बर:(नेपालको ... ... ... ... ... ... ... ... ...

खरिदकर्ताको विवरण (एकाघर परिवारका सदस्य तथा नावालक):

नाम देवनागरीमा): 

अंग्रेजीमा (Capital Letter) 

आवेदकसँगको नाता: ... ... ... .. .. ... ... ... ... .. ...

स्थायी ठेगाना

जिल्ला: ... ... ... ... ... ... ... ... गा.वि.स./न.पा. ... ... ... ... ... ... ... ... .. वडा नं. ... ...

टोल ... ... ... ... ... ... ... ... नागरिकता/जन्म दर्ता नं. ... ... ... ... ... ... टेलिफोन नम्बर: ... ... ... ... ...

........................
आवेदकको दस्तखत

**बिक्री एजेन्टले भर्नु पर्ने:**

बिक्री एजेन्टको नाम... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

प्राप्त रकम रु. ... ... ... ... ... ... (अक्षरेपी ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ..... मात्र)

उक्त रकम नेपाल राष्ट्र बैंक, बैंकिङ विभागस्थित खाता नं. १२००००००/०१५/११६/५२४ मा दाखिला गर्न पठाईने ब्यहोरा अनुरोध गर्दछु ।

बचतपत्र खरिद प्रयोजनका लागि आर्जन गरेको विदेशी मुद्रा औपचारिक माध्यमबाट नेपालमा भित्र्याएको प्रमाणित हुने कागजात ।

क. विदेशी मुद्रा सटही गरेको भौचर ।

ख. बैंकमा रहेको विदेशी मुद्रामा खोलिएको खाता खर्च गरेको बैंक स्टेटमेण्ट ।

ग. अन्य ( ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...)

रकम बुझेको मिति: २०..../..../....

कार्यालयको छाप

आधिकारिक दस्तखत	आधिकारिक दस्तखत

श्रीमान् गभर्नरज्यूबाट मिति २०७९/०२/१६ मा स्वीकृत

अनुसूची ३

बै.फा.रा.ऋ.बै.रो.ब.प. २

# वैदेशिक रोजगार बचतपत्र बिक्री रकमको विवरण

बिक्री एजेन्टको नाम : .... ... ... ... ... ... ... ... ... ... ... ... ... .. ... ... ठेगाना : ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

सम्पर्क व्यक्तिको नाम तथा फोन नं. : ... ... ... ... ... ... ... ... ... ... ... ... कारोबार मिति :........................

| क्र.सं. | आवेदनकर्ताको नाम | ठेगाना | पोर्टफोलियो नं. | नागरिकता नं. | जारी भएको जिल्ला | खरिदकर्ताको फोन नम्बर | खरिद रकम रु. | माग भएको प्रमाणपत्र थान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | कुल रकम रु.: | |

माथि उल्लेखित वैदेशिक रोजगार बचतपत्र खरिदकर्ताहरुबाट आजका मितिमा प्राप्त कुल रकम रु..................... (अक्षरेपि रु ............................................ ...........................मात्र) त्यस बैंकस्थित हाम्रो खाता नं. xxxxxxx/०४१–०००–५२४ मा खर्च गरी आवश्यक हिसाब मिलान गर्नुहुन अनुरोध छ ।

अधिकृत | कार्यालय प्रमुख | कार्यालयको छाप

नोट :

१. उक्त फारम भर्दा अक्षर *Preeti* फण्टमा र अंक *Fontasi Himali* फण्टमा टाईप गर्नु पर्नेछ ।

श्रीमान् गभर्नरज्यूबाट मिति २०७९/०२/१६ मा स्वीकृत